"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जामुनबारी ,झापा
## कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८१/०८२ मितिः २०८१।०९।२२

च. नं : ने.सं.: ११४५ पोहेलाथ्व ७ सोमबार

**साना सतह सिंचाई प्रवर्द्धन र मर्मत कार्यक्रमको लागि माग आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०९/२२

आवेदन पेश गर्ने अन्तिम मितिः २०८१/१०/०७

यस कनकाई नगरपालिकाको आ.व. ८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना सतह सिंचाई प्रवर्द्धन र मर्मत कार्यक्रमको लागि विनियोजित रकम रु.४,००,०००/- (अक्षरेपी चार लाख रुपैया मात्र) अन्तर्गत हाल चालु रहेका कुलो मर्मत गर्नु पर्ने भएमा वा हाल बन्द अवस्थामा रहेको तर पुन संचालन गर्न सकिने अवस्था भएको भए त्यस्ता कुलोहरुको मर्मत/संभार गरी संचालन गर्न उपभोक्ताको ५ प्रतिशत लागत साझेदारी हुने गरी कार्यक्रम सञ्चालन गर्नका लागि कनकाई नगरपालिका भित्रका इच्छुक कुलो उपभोक्ताहरुले सामुहिक रुपमा निम्न कागजात सहित यो सूचना प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र यस नगरपालिकाको कृषि विकास शाखामा आवेदन पेश गर्न सम्बन्धीत सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको र म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध गरिन्छ ।

निवेदन सहित पेश गर्नुपर्ने आवश्यक कागजातहरु:

१. माग निवेदन (कुलोबाट सिंचित हुने क्षेत्रफल, सम्मेलित घरधुरी संख्या खुलेको हुनुपर्ने)
२. निर्णयको प्रतिलिपि
३. आख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. लागत अनुमान (इस्टिमेट)
५. वडाको सिफारिस

थप जानकारीको लागिः ९८४५५८२२५४ र ९८१४९९१५५९ मा सम्पर्क गर्न सक्नु हुनेछ ।

२०८१।०९।२२

समिता सोती

कृषि प्रसार अधिकृत

**कृषि शाखा प्रमुख**

यो सिफारिस/पत्र निःशुल्क जारी गरिएको हो । प्रमाणीकरणको लागि क्युआर कोडलाई स्क्यान गर्नुहोला ।

Contact No:-023401155, Website:-kankaimun.gov.np, Email:-kanakai.mun@gmail.com ,info@kankaimun.gov.np